स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



बलिउड सुपरस्टार सलमान खानको बहुप्रतीक्षित फिल्म 'मातृभूमि' प्रदर्शनअघि नै विभिन्न विवाद र परिवर्तनका कारण चर्चामा रहेको छ। सुरुमा 'ब्याटल अफ गलवान' नाम राखिएको यस फिल्मको शीर्षक परिवर्तन गरेर 'मातृभूमि' बनाइए पनि अहिले यसको कथावस्तुमा ठूलो फेरबदल गरिएको खबर सार्वजनिक भएको हो। भारतीय रक्षा मन्त्रालयले फिल्मको करिब ४० प्रतिशत हिस्सा पुनः छायाँन गरिएको छ।

**आजको विचार...**




मदन देउराली

तानसेनमा...
*(दुई पेजमा)*

*(दुई पेजमा)*

शुक्रबारबाट देशभर फिल्म 'राम नाम सत्य' प्रदर्शनमा आएको छ। नयाँ वर्षको अवसर पारेर देशभर यो फिल्म प्रदर्शनमा आएको हो। आजबाटै प्रदर्शनमा आउने भनिएको '२६ को आकडा' र 'डल्लेले इन्ट्री मार्‍यो' सरेपछि यो फिल्मले एकल प्रदर्शनको अवसर पाएको हो। सस्पेन्स, प्रेम र एक्सनले भरिएको फिल्ममा बिराज भट्ट, सुशील श्रेष्ठ, दिव्या रायमाझी, खुशी कार्की, सुपुस्पा भट्ट, दिनेश डीसी, सुधीर श्रेष्ठ, आशा पौडेल, लगायतका कलाकारहरुको अभिनय छ।



❐ वर्ष ३१ ❐ अंक २५५ ❐ २०८२ चैत ३० गते सोमबार 13 April 2026, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### हाइटी किल्लामा भागदौड ३० को मृत्यु

(रासस/एएफपी)

**पोर्ट-अउ-प्रिन्स,** चैत २९/हाइटीको ऐतिहासिक पर्यटकीय स्थल सिटाडेल लाफेरियरमा भएको भीडभाडपछि उत्पन्न भागदौडमा कम्तीमा ३० जनाको मृत्यु भएको छ भने दर्जनौं घाइते भएका छन् । स्थानीय मिडियाका अनुसार घटनापछि सरकारले गहिरो दुःख व्यक्त गर्दै अनुसन्धान अघि बढाएको छ । सरकारी अधिकारीहरूले फेसबुकमार्फत जारी गरेको विज्ञप्तिमा यो घटना शनिबार मिलोटस्थित युनेस्को विश्व सम्पदा सूचीमा सूचीकृत १९ औं शताब्दीको किल्लामा भएको 'पर्यटकीय गतिविधि' का क्रममा भएको जनाएका छन् । उक्त स्थलमा धेरै युवाहरू सहभागी भएका कार्यक्रमका बेला अचानक भीड नियन्त्रणबाहिर जाँदा दुर्घटना भएको बताइएको छ । हाइटीको उत्तरी नागरिक सुरक्षा विभागका प्रमुख जिन हेनरी पेटिटले स्थानीय पत्रिकाले नोभेलिस्टलाई दिएको जानकारीअनुसार प्रारम्भिक रूपमा कम्तीमा ३० जनाको मृत्यु पुष्टि भएको छ । उनले अझै ठूलो सङ्ख्यामा मानिसहरू हराइरहेकाले मृतक सङ्ख्या बढ्न सक्ने बताए । घटनामा घाइते भएका दर्जनौंलाई नजिकका अस्पतालहरूमा भर्ना गरिएको छ । यद्यपि, घाइतेहरूको यकिन सङ्ख्या सार्वजनिक गरिएको छैन । प्रारम्भिक विवरणअनुसार पर्यटकहरूलाई प्रवेशद्वारमा अत्यधिक भीडमा जम्मा गरिएको थियो ।

# पाल्पामा 'एआई'को प्रयोगबाट क्षयरोगीको खोजी

## भेटिए सयौं शंकास्पद बिरामी

कृष्ण पोखरेल

**पाल्पा,** चैत २९/पाल्पामा पहिलो पटक आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को प्रयोगबाट क्षयरोगीहरुको खोजी थालिएको छ । लक्षण नदेखिए पनि क्षयरोगका किटाणु शरीरभित्र हुन सक्ने भएकाले एआइ एक्सरेमार्फत विरामीहरूको पहिचान गरी समयमै उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले जिल्लामा एआईमार्फत खोजविन अभियान सञ्चालन गरिएको हो ।

समुदायमा क्षयरोगीको संख्या बढ्दै गएपछि क्षयरोग पत्ता लगाउन स्वास्थ्यकर्मीको टोली आर्टिफिसियल इन्टेलिजेन्स (एआई) बोकेर यहाँका स्थानीय तहहरुमा पुगेका छन् । केही दिन यता जिल्लाको पूर्वखोला गाउँपालिकामा एआई प्रविधिबाट क्षयरोगका बिरामी पहिचान गर्ने विशेष अभियान सञ्चालन गरिएको छ । क्षयरोग नियन्त्रण कार्यक्रम अन्तर्गत सञ्चालित अभियानले पूर्वखोलका दुर्गम क्षेत्रका सयौं नागरिकलाई गाउँघरमै अत्याधुनिक स्वास्थ्य सेवा प्रदान गरेको छ । गाउँपालिकाको आयोजना, जिल्ला स्वास्थ्य कार्यालयको समन्वय र विएनएमटी नेपालको प्राविधिक



सहयोगमा यहाँ सम्भावित क्षयरोगीहरुको खोज पड्ताल कार्यक्रम सञ्चालन गरिएको हो । पालिकाको वडा नं. ५ विरकोट स्वास्थ्य चौकी र वडा नं. १ सिलुवा स्वास्थ्यचौकीमा शिविर सञ्चालन गरी शंकास्पद बिरामीहरूको परीक्षण गरिएको छ । पालिकालाई क्षयरोगमुक्त बनाउने उद्देश्यले शिविर सञ्चालन गरिएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख मोहन ढकालले बताए । समुदायमा लुकेर रहेका क्षयरोगका बिरामीहरूलाई छिटो र छरितो ढंगले पत्ता लगाउन एआई एक्सरे प्रविधि प्रयोग गरेको उनको भनाई छ । सामान्य एक्सरेमा नदेखिने सूक्ष्म समस्याहरू पनि यो प्रविधिले तत्काल पहिचान गर्ने हुनाले उपचार प्रक्रिया सहज भएको ढकालले बताए । वडा नं. ५ विरकोट स्वास्थ्यचौकीमा १८७ जनाको परिक्षण गरेकोमा ३४ जना शंकास्पद विरामी भेटिएको र १ जनाको तत्कालै उपचार शुरु गरिएको छ । यसैगरी वडा नं. १ को सिलुवा स्वास्थ्यचौकीमा २८० जनाको परीक्षण गरेकोमा ४५ जना क्षयरोगीका शंकास्पद विरामी भेटिएको र ३ जना तत्कालै उपचार शुरु गरिएको छ । दुबै स्वास्थ्यचौकीमा परीक्षणको क्रमा भेटिएका शंकास्पद क्षयरोगीहरुको थप परीक्षणको लागि तानसेनको मिसन अस्पताल रिफर गरिएको छ । एआई प्रविधी एक्सरेले फोक्सोको तस्बिरलाई सफ्टवेयरमार्फत विश्लेषण गर्छ र क्षयरोगको सम्भावनालाई प्रतिशतमा देखाउँछ, ।

*-बाँकी अन्तिम पेजमा...*

**सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।**

**सामाजिक सञ्जालमा :**

-जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
-राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
-कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
-जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना हुने,
-शान्ति सुरक्षामा खलल पुग्ने,
-प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन वा प्रदर्शन गर्ने,
-जनमानसमा भ्रम सिर्जना गर्ने,

जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यास ट्याग गर्नु हुँदैन । यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन् ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# एक वर्षमा सात हजार ६४८ विपद्का घटना : सबैभन्दा बढी आगलागीका

**काठमाडौं,** चैत २९/ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार एक वर्षको अवधिमा कुल सात हजार ६ सय ४८ वटा विपद्का घटना हुँदा आगलागी र डढेलोसँग जोडिएका घटना सबैभन्दा बढी छन् ।



कुल विपद्का घटनामा सबैभन्दा धेरै आगलागीका घटना हुनुले पनि सावधानीका लागि सरकारी निकायले पनि उत्तिकै चासो र सक्रियता देखाउनुपर्ने आवश्यकता बढेको छ । आगलागी र त्यससँग जोडिएका घटना न्यूनीकरणका लागि विशेष सावधानी अनपाउनुपर्ने प्राधिकरणको तथ्याङ्कले देखाएको छ । ठूलो मात्रामा जनधनको क्षति हुनुका पछाडी सावधानी, जनचेतनाको अभाव तथा वन तथा सुक्खा एवं सुकेको सामग्रीमा आगो लगाउने प्रवृत्ति बढी जिम्मेवार हुने प्राधिकरणको भनाइ छ । प्राधिकरणका अनुसार गत वैशाख १ गतेदेखि यही चैत २७ गतेसम्मको अवधिमा देशभर आगलागीका तीन हजार ७ सय २० वटा आगलागीका घटना भएका छन् । आगलागीमा परेर एक सय पाँच जनाको ज्यान गएको छ । त्यस्तै पाँच सय ७१ जना घाइते भएका छन् भने चार हजार २ सय ६० परिवार प्रभावित भएका छन् । सो अवधिमा डढेलोको घटना तीन सय २८ वटा भएका छन् ।-

*बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## खाडी क्षेत्रको युद्ध प्रभाव

खाडी क्षेत्रमा चर्किंदै गएको द्वन्द्वले अहिले केवल युद्धरत देशमा मात्र नभई विश्व राजनीतिक र आर्थिक अवस्थालाई गम्भीर असर पार्न थालेको छ । अमेरिका र इजरायलले इरानमाथि शुरु गरेको आक्रमणको प्रभाव अहिले नेपाल जस्ता थुप्रै राष्ट्रहरुले भोग्नु परेको छ । युद्धविराम हुनुसँगै इरानी शहरहरूमा खुशीयालीका जुलुस निस्किएका थिए । तर हर्मुजको पीडा र हिज्वुललाहको प्रश्नले पुनः युद्ध जारी हुने देखिँदैछ । अमेरिका र इजरायल मिलेर इरानविरुद्ध सैन्य कारबाही थालेपछि उक्त चालीस दिनदेखि भयानक अवस्था भइरहेको छ । यसबाट अर्बौं डलरबराबरको भौतिक क्षति हुनुका साथै ठूलो संख्यामा मानवीय क्षति भइरहेको छ । अहिले आएर ४० दिनपछि अमेरिका र इरानबीच युद्धविराम भएको घोषणा गरेलगत्तै पुनः अनिश्चयको बादल मडारिन लागेको छ । यो अस्थायी युद्धविराम मात्र थियो । यसबीचमा स्थायी रूपमा कुनै समाधान खोजिएन भने पुनः युद्ध निरन्तर हुने नै छ ।

युद्धका कारण तेल उत्पादन तथा आपूर्ति प्रभावित हुँदा कच्चा तेलको मूल्यमा तीव्र उतारचढाव देखा परेको छ । यसले विकासशील देशको अर्थतन्त्रमा दबाब बढाएको छ भने खाद्य आपूर्ति, ढुवानी लागत र मुद्रास्फीति बढ्ने संकेतसमेत देखिएको छ । यस युद्धको प्रत्यक्ष असर नेपाली नागरिकमा पनि परेको छ । मध्यपूर्वका विभिन्न देशमा करिब १७ लाखभन्दा बढी नेपाली कामदार कार्यरत छन् । युद्ध चर्किंदै जाँदा उनीहरूको सुरक्षा र रोजगारीमा गम्भीर जोखिम उत्पन्न भएको छ । कम्पनीहरूले कामदारलाई स्वदेश फर्कन आग्रह गर्न थालेपछि स्थिति भयावह बन्दै गएको छ । साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, कतार, कुवेत, बहराइन र जोर्डनमा रहेका नेपालीहरू अहिले चिन्तामा परेका छन् । नेपालमा युद्धको प्रभाव सोझो नपरे पनि इन्धनमा भएको अत्यधिक मूल्यवृद्धिको प्रभाव यहाँसम्म पनि परेको छ । नेपालमा हालै सार्वजनिक यातायातमा भाडा वृद्धि भएको छ । नवनिर्वाचित वर्तमान सरकारले एकातिर भन्सार महसुल घटाएर वाहवाही पाएको केही मिनट ननाघ्दै अर्कातिर यातायातका साधनमा भाडा वृद्धि गरिएको छ । गत बुधबारदेखि युद्धविराम सुरु भएपछि तुरुन्तै तेलको मूल्यमा १५ प्रतिशतले गिरावट आइसकेको थियो । सरकारले केही दिनमात्र धैर्य गर्न सकेको भए अहिले भएको मूल्यवृद्धिको मार, यातायातमा भएको भाडा वृद्धिको मार सर्वसाधारणले व्यहोर्नुपर्ने थिएन । तर अब त युद्ध झन् अनिश्चित भएको छ र मूल्यले आकाश छुने संकेत देखिएको छ । यसर्थ यसतर्फ नेपाल सरकारले संयमित भएर नागरिकलाई राहत हुने काम गर्न जरुरी छ ।

### Opinion @ Social Network

सफलताको भोक एति सम्म लागोस् की
पछाडि फर्केर हेर्दा पश्चताब गर्ने मौका नमिलोस..!
*(निरुता कार्कीको फेसबुक स्टाटसबाट www.facebook.com/Niruta.Karki)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# तानसेनमा रहेका महकाल भैरव र वटुक भैरव




*महाकाल भैरवलाई मृत्युको देवता, संहारका देवता तथा कालको काल महाकाल पनि भनिन्छ । महाकाल भैरव भगवान शिबको अर्को क्रोधित रुप हो जुन अत्यन्त रौद्र डरलाग्दो तथा तमोगुणले भरिपूर्ण रहेको छ ।*

भनिन्छ सांस्कृतिक शहरमा काठमाडौं उपत्यकापछि पाल्पा दोश्रो सांस्कृतिक शहर थियो रे तर आज त्यो पुरानो भनाई आज छैन् भने पनि हुन्छ । पाल्पाको संस्कृति विस्तारै हराउँदै गइरहेका छन् कि खुम्चिदै सानो रुप हुँदै गइरहेका छन् भन्नुमा कुनै अत्युक्ति नहोला । किन होला प्रश्नै प्रश्न छन् । हो पहिलो कारण पहिला तानसेन नेवारी बस्ती थियो । नेवारहरु अन्य जातिहरु भन्दा धेरै धर्म कर्म गर्ने चाडपर्व मनाउने जातिमा पर्दछन् । त्यसबेला विभिन्न कारणले नेपाल उपत्यकाबाट पाल्पा आएका नेवारहरुले यहाँ आएर स्थायीरुपमा बसोबास गरी उपत्यकामा मनाउने गरेका जात्रा चाडपर्वहरु यहाँ पनि मनाउने थालेकोले पाल्पा दोश्रो सांस्कृतिक शहर भएको भनिन्छ । तर आज पाल्पाले अब दोस्रो शहर हो भनेर गर्व गर्ने ठाउँ छैन् । किनकी अब पाल्पामा पहिले जस्तो जात्रा चाडपर्व हुँदैनन् । यसको प्रमुख कारण हो आर्थिक स्रोतको अभाव र अर्को स्थानीय नेवारहरुको पलायन ।

**महाकाल भैरव**

महाकाल भैरवलाई मृत्युको देवता, संहारका देवता तथा कालको काल महाकाल पनि भनिन्छ । महाकाल भैरव भगवान शिबको अर्को क्रोधित रुप हो जुन अत्यन्त रौद्र डरलाग्दो तथा तमोगुणले भरिपूर्ण रहेको छ । महाकाल भैरवलाई शत्रुहरुको नाश गर्ने देवताको रुपमा पनि पुजिन्छ । धार्मिक ग्रन्थ स्कन्द पुराण अनुसार चार बेदका रचयिता ब्रम्हा हुन् । उनको पाँचवटा टाउको थियो । उनले चार बेदको रचना गरेपछि पाँच बेदको पनि रचना गर्ने फैसला गरे । ब्रम्हाको यस कार्यबाट चिन्तित देवताहरु सो कार्य रोक्न भगवान श्री महादवेको शरणमा गए । उनीहरुको भनाई थियो कि पाँच बेद रचना गर्नु ठीक हुँदैन । यसले समस्त देवताहरुमा संकट आउन सक्छ तर ब्रम्हाले भगवान श्री महादेवको अनुरोधलाई पनि मानेनन् जसले गर्दा श्री महादेव रिसाउनु भयो । यसरी श्री महादेव रिसाउँदा उहाँको तेश्रो आँखाबाट एक ज्वाला निस्के । जुन ज्वालाले काल भैरवको रुप धारण गर्यो तथा ब्रम्हाको पाँचौ टाउको काटी दिए । काल भैरवले ब्रम्हाको पाँचौ टाउको काटेर घमण्ड त चकनाचुर गरि दिए तर उनलाई ब्रम्हहत्याको आरोप लाग्यो । यस दोषबाट मुक्ति पाउन काल भैरव कतिपय ठाउँहरुमा भौंतारिएर हिडनु पर्यो तर पनि मुक्ति पाउन सकेनन् । अन्तमा उनले आराध्यदेव भगवान श्री शिवको आराधना गरे । भगवानले उनलाई शिप्रा नदीमा स्नान गरी तपस्या गर्न भने तव बल्ल उनी दोषबाट मुक्त भए । शिव महापुराणमा बर्णन गरिए अनुसार काल भैरवको उत्पति ब्रम्हा र विष्णुको संवादबाट धार्मिक मान्यता अनुसार कालभैरवलाई भगवान शिबको पूजा भन्दा पहिला पुजा गर्ने बरदान प्राप्त भएको छ । एकपटक विष्णु तथा ब्रम्हाको बिचमा सर्बश्रेष्ठ श्रृष्टिकर्ता को भन्ने बारेमा बहस भएछ । घमण्डले चुर ब्रम्हाले आफु नै सर्बश्रेष्ठ श्रृष्टिकर्ता भएकोले उनलाई पूजा गर्न पर्ने भनेर विष्णुलाई भने छ । ब्रम्हाले सोचे छ म सँग पाँचवटा टाउका छन् शिबसँग पनि पाँचवटा । शिवले गर्ने सबै म पनि गर्न सक्छु त्यसैले म नै शिव हुँ । ब्रम्हाको मनमा अंहकारको भावना पलाएछ तथा शिवले गर्ने कामहरु सबै किर्ते गर्न थालेछ तथा भगवान शिवको प्रत्येक कार्यहरुमा हस्तक्षेप गर्न थालेछ । ब्रम्हाको यस्तो अहंकारी भावना देखेर भगवान श्री महादेवले आफनो औंलाबाट सानो नंगको टुक्रा निकालेर फाले छन् जुन कालभैरवको रुपमा प्रकट भई अहंकारी ब्रम्हाको एउटा टाउको काटी दिए । सो टाउको काल भैरवको हातमा रह्यो । टाउको काटिने वित्तिकै ब्रम्हाको सबै अहंकार नष्ट भई ज्ञानको उदय भएछ । त्यसबेलादेखि ब्रम्हा सबै प्रति उदार भए छन् तथा भगवान शिव प्रति कृतज्ञ भए छन् । भनिन्छ यसप्रकार कालभैरवको रुपमा भगवान शिवले सम्पूर्ण शक्तिपीठहरुको रक्षा गरिरहेका छन् । त्यसैले हरेक मन्दिहरहरुमा आज पनि भैरवको मूर्ति राखिएको देखिन्छ । भैरवलाई सर्पको गहना लगाएको, बाघको छाला ओढेको, खप्परको माला लगायको रुपमा चित्रण गरिएको छ । बाहनको रुपमा कुकुरसँगसंगै हुन्छ । काल भैरवलाई सम्पूर्ण ग्रहहरुको देवता शनिको गुरुको रुपमा पनि मानिन्छ । अघोरीहरुले खासरुपमा भैरवलाई आफनो इष्टदेवको रुपमा मान्दछन् । भनिन्छ जन्म कुण्डलीमा राहुद्वारा पिडित व्यक्तिले यदि भगवान काल भैरवको पूजा आराधना गरेमा राहु दोषबाट मुक्ति मिल्छ । यो विश्वास गरिन्छ कि भक्तहरुको पुकारमा कुनै बेला पनि कालभैरव मद्धत गर्न आइ पुग्दछन् । विभिन्न ठाउँहरुमा काल भैरवको मुर्ति प्रतिष्ठनपन गरिएका छन् । कुनै ढुंगाको त कुनै पित्तलको । भनिन्छ भैरवलाई आठ रुपमा प्रस्तुत गरिएका छन् । भैरवका ति आठ अवतारहरु हुन असिथान्गा भैरव, रुरु भैरव, चन्द भैरव, क्रोध भैरव, उन्मत्त भैरव, कपाला भैरव, भीषण भैरव, संहार भैरव । अष्ट भैरव सैब संस्कृतिको रुप हो । काल भैरवलाई मूख्य भैरवको रुपमा मानिन्छ । काल भैरवलाई रक्षक भैरवको रुपमा लिइन्छ । काल भैरवको बाल रुपलाई वटुक भैरव भनिन्छ । भैरवको विभिन्न रुपहरु मध्ये वटुक भैरव पनि एक रुप हो । शक्ति समागम तन्त्रमा वटुक भैरव कसरी उत्पन्न भए भन्ने प्रष्ट गरेको छ । प्राचिन समयमा आपद नामक एक दैत्यले भगवानको ठूलो तपस्या गरी अमरत्व प्राप्त गरे । अमर भएपछि आफ्नो शक्तिको कारण उसले देवता तथा ऋषिमुनिहरु सबैलाई अत्यन्त दुख दिन थाले । उनको अत्याचार बढ्दै गए पछि देवताहरुले कसरी यस आपद नामक दैत्यको अन्त्य गर्ने तथा कसरी यसबाट बच्ने उपाएको बारेमा सोच्न थाले । अन्तमा तिनीहरुले भगवान शिवको आराधना गरे । भगवान शिव प्रसन्न भई दैविक शक्तिस्वरुप उनीहरुका सामु प्रकट हुनु भयो । यो दैविक शक्ति थियो वटुक भैरबको पाँच बर्षको सानो बच्चा । यस सानो बच्चालाई सबै देवताहरुले आ-आफना शक्ति प्रदान गरे जसबाट त्यो सानो बच्चा सबैको आशिर्बादले अदृष्य भए । पछि सो वटुक भैरवले आपद नामक त्यो दैत्यलाई मारि दिए । यस प्रकार आपद नामक दैत्यलाई मारेको हुनाले वटुक भैरव आपद उद्धारक नामले प्रशिद्ध भए तथा सबै देवताहरु पनि आपद दैत्यको अत्याचारबाट मुक्त भए । त्यसबेलादेखि कसैलाई कुनै समस्याहरु बाट पार पाउन छ भने भगवान आपद उद्धारक बटुक भैरवको आराधना गर्ने गरिन्छ । भैरवको आराधना तथा साधना गरेमा सबै समस्या, बाधा अड्चन तथा सबै चिन्ताहरुबाट मुक्त भई मानसिकरुपमा शान्ति प्राप्त गर्न सकिन्छ भनिन्छ ।

पाल्पाको तानसेनमा वर्षको प्रारम्भदेखि वर्षको अन्तसम्म विभिन्न जात्राहरु हुने गर्दछन् तर सानो रुपमा । बर्षको अन्तिम दिन अर्थात् चैत्र मसान्तको दिन तानसेन टक्सारटोलस्थित महाकाल भैरवको जात्रा गर्ने गरिन्छ । यो महाकाल भैरव मन्दिर पहिला टक्सारमा यादवेन्द्र जोशी तथा कमलानन्द जोशीको बारीमा रहेको थियो र एक प्रकार बेबारिसे जस्तो थियो रे तर पछि यो मन्दिरलाई बारीबाट अलग बनाइएको छ भनिन्छ । केवल एउटा सानो ढुंगालाई भैरव देवता मानि पूजा गरिन्थ्यो रे । वि सं २०१० सालमा टक्सारटोलका सबै स्थानीयहरु मिलेर विधिवतरुपमा महाकाल भैरवको मूर्ति बनाई मन्दिर प्रतिस्थापित गरिएको हो रे भनिन्छ र हाल काल भैरवको मन्दिरलाई अरु संरचनाहरुबाट अलग गरी वरिपरि बार लगाइ सानो तर चिटिक्क बनाइएको छ । पहिले यहाँको काल भैरवको जात्रा र अमरगञ्जस्थित बटुक भैरवको जात्रा एकैदिन पर्दथ्यो रे अनि दुबै जात्रा एक आपसमा भेटिंदा ठूलो झगडा नै हुन्थ्यो रे मानो दुई भैरवहरु एकआपसमा घनघोर युद्ध गरे जस्तो हुन्थ्यो रे । त्यसैले यो दुई जात्राहरुलाई एकदिन अगाडि पछाडी गरिएको पाकाहरु बताउनुहुन्छ । चैत्र मसान्तमा यस महाकाल भैरवको जात्रा गरिन्छ । जात्राको एकदिन अगाडि भक्तजनहरु मिलि साँझ भैरवको भजन गर्ने चलन रहेको छ । भोलि पल्ट दिउँसोको साइतमा काल भैरवको सानो मूर्तिलाई खटमा राखी भजन मण्डली सहितको टोलीले बजार परिक्रमा गर्ने गर्दछन् । जात्रा सञ्चालन गर्न केही श्रोत नभएकाले वडाबाट केही तथा टोलबासीहरुबाट केही न केही आर्थिक सहयोग उठाई जेनतेन जात्रा सञ्चालन गर्न परेको गुठीका अध्यक्ष मंगल प्रसाद बज्राचार्य बताउनुहुन्छ ।

त्यस्तै गरी अमरगञ्जस्थित वटुक भैरवको जात्रा प्रत्येक बर्ष नयाँ बर्षको दिन गर्ने गरिन्छ । वटुक भैरवको सानो मुर्तिलाई पनि खटमा राखी भजन मण्डलीको टोली सहितले नगर परिक्रमा गर्दछन् । जात्राको एक दिन अगाडि साँझपख मन्दिर अगाडि भजन गर्ने चलन रहेको छ । भनिन्छ यो मन्दिर पुरानो मन्दिर हो । वटुक भैरवको यो मन्दिर सेनकालमा स्थापना गरिएको भनिन्छ । इतिहास अनुसार पाल्पाका राजा मणि मुकुन्दसेनले काठमांडौ उपत्यका आक्रमण गरी इन्द्रजात्राको बेला रथको अगाडिको रहेको भैरवको मूर्ति उखालेर ल्याई पाल्पामा स्थापना गरेको थियो भनिन्छ । यसरी ल्याउँदा बाटोमा जहाँ जहाँ बास परेको थियो त्यस त्यस ठाउँमा अर्को भैरव स्थापना गर्ने गरेको अनुसार अमरगञ्जमा वास पर्दा त्यहाँ पनि एक भैरव स्थापना गरिएको भनिन्छ । सेनकालमा पाल्पाको चार कुनामा भैरवको मुर्ति रहेको बताइन्छ । जसमा नुवाकोट भैरव, प्रभास भैरव, अमरगञ्ज वटुक भैरव तथा पाल्पा भैरव भनिन्छ । अमरगञ्ज वटुक भैरवको रथ सञ्चालन स्थानीय केही युबाहरुको सक्रियतामा प्रत्येक वर्ष हुँदै आएको छ । टक्सारटोलमा रहेको काल भैरव जात्रा तथा अमरगञ्जमा रहेको वटुक जात्रा दुबै जात्रा सञ्चालन गर्न कुनै खास आर्थिक श्रोत छैन् । स्थानीय निकाय नगरपालिकाले जात्रा सञ्चालनको लागि भनेर केही वर्ष अगाडि दिने गरेको आर्थिक सहयोग यस वर्ष सो आर्थिक सहयोग पनि घटाएर दिने भन्ने कुराले कसरी जात्रा सञ्चालन गर्ने हो भनेर युवाहरु गुनासो गर्दै गरेको पनि पाइएको छ । पाल्पाको संस्कृतिको संरक्षण स्थानीय सरकारको नारा भएता पनि आवश्यक आर्थिक सहयोग नगर्दा संस्कृति नै लोप हुने खतरा देखिदै आएको छ भने नारा केवल नारा मात्र रहेछ भन्ने जनमानसमा देखिएको छ । जात्रा सञ्चालन गर्न केही सहज होस् राहत होस् भनेर यस वर्षदेखि देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठानले दुबै जात्राहरुलाई केही आर्थिक सहयोग गर्ने प्रतिवद्धता जनाएको छ । यसरी लोप हुन लागिरहेको पाल्पाको सांस्कृतिक धरोहरहरुको संरक्षणमा सबै पाल्पालीहरुको ध्यान जानु नितान्त आवश्यक छ । जय महाकाल श्री भैरवकी जय । जय वटुक भैरवको जय । अस्तु । ***(लेखक देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठान पाल्पाका अध्यक्ष समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रेटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : कार्यक्षेत्रमा नयाँ योजना सुरु गर्न सकिनेछ। व्यवहारमा संयमता राख्नुहोस्।
**वृष** : आर्थिक पक्षमा खर्च बढ्ने संकेत छ। खर्चमा नियन्त्रण गर्नु उपयुक्त हुनेछ।
**मिथुन** : काममा तीव्रता आउनेछ। अधुरा काम पूरा गर्न अनुकूल समय रहेको छ।
**कर्कट** : आत्मविश्वासमा वृद्धि हुनेछ। पेशागत क्षेत्रमा नयाँ चुनौती आउला।
**सिंह** : नेतृत्व गर्ने क्षमतामा वृद्धि हुनेछ। कार्यक्षेत्रमा सम्मान बढ्नेछ।
**कन्या** : काममा लगनशीलता देखिनेछ। विद्यार्थीहरूको पठनपाठनमा मन लाग्नेछ।
**तुला** : कार्यक्षेत्रमा प्रतिस्पर्धा बढ्नेछ। आफ्नो काम प्रति समर्पण भाव राख्नुहोस्।
**वृश्चिक** : ऊर्जाले भरिएको दिन रहनेछ। आर्थिक पक्षमा सुधारका संकेत देखिनेछन्।
**धनु** : नयाँ कार्य प्रारम्भ गर्नुभन्दा अघि अनुभवी व्यक्तिहरूसँग सल्लाह लिनुहोस्।
**मकर** : कार्यक्षेत्रमा प्रगति हुनेछ। व्यापार व्यवसायमा मनग्य लाभ रहनेछ।
**कुम्भ** : वैदेशिक रोजगारमा सफलता मिल्नेछ। आध्यात्मिक ज्ञानमा वृद्धि हुनेछ।
**मीन** : पहिलाको सफलताले थप हौसला जगाउनेछ।रोगबाट छुटकारा पाइनेछ।

# शिक्षा

## मुहार फेर्दै बन्द हुने अवस्थामा पुगेका सामुदायिक विद्यालय

जीर्ण विद्यालय भवन, भत्किएको शौचालय, शिक्षक अभाव र न्यून विद्यार्थी संख्या जितपुरसिमरा उपमहानगर-१५ स्थित श्री जनकल्याण आधारभूत विद्यालयको तत्कालीन अवस्था हो यो । तर समस्याग्रस्त र झन्डै बन्द हुने अवस्थामा पुगेको ग्रामीण भेगको यो सामुदायिक विद्यालयले अहिले भने मुहार फेरेको छ । विद्यालयका प्रधानाध्यापक (प्रअ) गोकुल कुँवरले पूर्वविद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक, समाजसेवी, स्थानीय संघसंस्था तथा अभिभावकहरूलाई समेटेर 'हाम्रो विद्यालय हामी आफै बनाऔँ' अभियान सञ्चालन गरेपछि यो विद्यालयले नयाँ जीवन पाएको हो । दुई वर्षअघि ३५ देखि ४० जना मात्रै विद्यार्थी भएको उक्त सामुदायिक विद्यालयमा अहिले १३१ जना विद्यार्थी अध्ययन गर्छन् । साथै, व्यवस्थित पुस्तकालय, चिटिक्क परेको बालविकास कक्षाकोठा, विज्ञान प्रयोगशाला र पर्याप्त खेलसामग्री समेत उपलब्ध छन् । विद्यालयमा भौतिक रूपमा सुधार हुँदै गएपछि अहिले संस्थागत (निजी) विद्यालयमा पठनपाठन गर्ने अभिभावक, शिक्षक, व्यवस्थापन समिति र कर्मचारीका छोराछोरीहरू समेत यही सामुदायिक विद्यालयमा अध्ययन गर्छन् । पछिल्लो समय विद्यालयको नतिजासमेत उत्कृष्ट आएको उपमहानगरको तथ्यांकले देखाएको छ । विद्यालयको शैक्षिक सुधारका लागि बिहानदेखि साँझसम्म खटे पनि परीक्षा नतिजाले सबै दु:ख बिर्साउने प्रअ कुँवर बताउँछन् । 'कक्षा ८ को नतिजा आएपछि सबै दु:ख बिर्सन्छु,' उनले भने, 'विद्यार्थी राम्रो बने भने त्यही नै खुसी लाग्छ मलाई त ।' कुँवरले प्रअको जिम्मेवारी सम्हालेपछि उक्त विद्यालयले उपमहानगरले लिँदै आएको कक्षा ८ को परीक्षामा शतप्रतिशत विद्यार्थीले 'ए लेभल' को नतिजा ल्याएका छन् । साथै, नयाँ शैक्षिक सत्र सुरु हुनै लाग्दा कक्षाकोठा अभावले ठुलो समस्या हुने देखेपछि प्रअ कुँवरले सामाजिक सञ्जालमार्फत देश/विदेशमा रहेका पूर्वविद्यार्थीहरूमार्फत सहयोग जुटाएर संरचना निर्माण गरेका छन् । उक्त विद्यालयका लागि उपमहानगरले गत वर्ष ६२ लाख रुपैयाँ लागतमा दुईतले नयाँ विद्यालय भवन निर्माणको ठेक्का




लगाएको थियो । तर, ठेकेदार कम्पनी एन.एन. कन्स्ट्रक्सन, वीरगन्जले 'रनिङ बिल' को भुक्तानी नपाएको भन्दै काम अलपत्र छोडेर हिँडेपछि विद्यालय भवन अलपत्र परेको हो । 'ठेकेदारले निर्माणाधीन भवन अलपत्र छोडेपछि हामीले पूर्वविद्यार्थीहरूबिच सामाजिक सञ्जालबाटै अभियान चलाएर नयाँ कक्षाकोठा बनाइरहेका छौँ,' प्रअ कुँवरले भने, 'सामुदायिक विद्यालयप्रति अभिभावकहरू सचेत भए पनि अझै विश्वास जागिसकेको छैन, जगाउनुपर्ने हाम्रो दायित्व हो ।' विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिकृष्ण केसीले विद्यालय सुधार हुनुमा प्रअकै भूमिका महत्त्वपूर्ण रहेको बताउँछन् । 'हाम्रो सामुदायिक विद्यालय अहिले धेरै राम्रो भएको छ, यसमा प्रमुख भूमिका प्रअकै छ । 'एकपटक घटुवा भएको विद्यालयलाई अभिभावकले पटक्कै विश्वास नगर्ने रहेछन्, फेरि पुरानै अवस्थामा फर्काउन धेरै ठूलो मेहनत गर्नुपर्दो रहेछ,' प्रअ ढकालले भने, 'हाम्रो स्थानीय अभिभावकले अझै विश्वास गरेका छैनन् ।' उपमहानगरको सहरी क्षेत्रका सामुदायिक विद्यालयहरूमा औद्योगिक करिडोरका मजदुर, दैनिक गुजारा चलाउन धौ-धौ पर्ने न्यून आय भएका, अटिजम तथा शारीरिक रूपमा अपांग बालबालिका धेरै छन् । अभिभावक सचेत नहुँदा सामुदायिक विद्यालयका विद्यार्थीहरू नियमित कक्षाकोठामा उपस्थित नहुने, सरसफाइमा ध्यान नदिने, गृहकार्य नगर्ने लगायतका समस्या धेरै छन् । 'अतिरिक्त क्रियाकलापसँगै पुस्तकालय, कम्प्युटर ल्याब, अभिभावक भेला राख्न थालेपछि उनिहरूले चासो राखेर अहिले हामीलाई हौसला दिन थाले,' ढकालले भने, 'सामुदायिक विद्यालयमा पढाइ हुँदैन भन्ने धेरै अभिभावकको धारणामा विस्तारै परिवर्तन गर्न खोज्दैछौँ ।' अधिकांश सामुदायिक विद्यालयमा विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी मिलान हुन नसक्दा न्यून विद्यार्थी भएका विद्यालयहरूमा शिक्षक संख्या अधिक छ भने अधिक शिक्षक दरबन्दी भएका विद्यालयहरूमा विद्यार्थी संख्या न्यून छ । विद्यालय प्रअ ढकाल समस्याग्रस्त विद्यालयहरू सुधारका लागि नगरले छुट्टै योजना ल्याउनुपर्ने बताउँछन् । उपमहानगर शिक्षा शाखाका अधिकृत हरिष प्रसाद भट्टले आधारभूत तहका केही विद्यालयहरू भौतिक र शैक्षिक रूपमा सुधार हुँदै गए पनि माध्यमिक तहका विद्यालयहरू कमजोर रहेको टिप्पणी गर्छन् । 'जनशक्ति अभावका कारण हामी पालिकाभित्रको धेरै प्रशासनिक काममा अल्झनुपरेको छ, विद्यार्थी र अभिभावकहरूसँग साक्षात्कार गर्न पाएका छैनौँ,' भट्टले भने, 'हाम्रा विद्यालयहरू शैक्षिक रूपमा सुधार हुँदै गएका छन् तर भौतिक रूपमा प्रचण्ड गर्मीमा जस्तामुनि बस्नुपर्ने बाध्यता छ, संघीय सरकारले छुट्याएका बजेट आउँदैनन् ।' उपमहानगरले पालिकाभित्र रहेका पर्यटकीय, धार्मिक तथा सांस्कृतिक स्थलहरू चिनाउन स्थानीय पाठ्यक्रम निर्माण गरेर सामुदायिक तथा संस्थागत विद्यालयको प्राथमिक तहसम्म नि:शुल्क वितरण गरेको छ । पालिकाले कक्षा ५ सम्म अध्ययन गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई बर्सेनि नि:शुल्क पोसाक प्रदान गर्दै आएको छ । नि:शुल्क शिक्षा, दिवा खाजा, पोसाक, पर्याप्त खेलसामग्री, व्यवस्थित बालविकास कक्षाकोठालगायत कारण सामुदायिक विद्यालयमा विद्यार्थी संख्या विस्तारै बढ्दै गए पनि गुणस्तरीय शैक्षिक नतिजा भने आउन सकेको छैन । *-रातोपाटी डटकम*

## हप्तामा दुई दिन बिदाको निर्णयले शैक्षिक क्यालेण्डर बिग्रने डर

सरकारले पेट्रोलियम पदार्थको खपत घटाउन र वैदेशिक मुद्रा सञ्चिति जोगाउने उद्देश्यले हप्तामा दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरेसँगै यसबारे चिन्ता सुरु भएको छ । पश्चिम एसियामा जारी युद्धका कारण सिर्जित विश्वव्यापी ऊर्जा सङ्कटको बाछिटा नेपालमा पनि देखिएको भन्दै सरकारले यो कदम चाले पनि सरोकारवालाहरूले यसलाई अव्यवहारिक र घातक निर्णयको रूपमा व्याख्या गरेका छन् । विशेषगरी शिक्षा क्षेत्र र न्यून आय भएका वर्गमा यसले गम्भीर असर पार्ने प्रक्षेपण गरिएको छ । शनिबार र आइतबार गरी हप्तामा दुई दिन बिदा दिँदा वर्षभरिको कुल सार्वजनिक बिदा मात्रै १०४ दिन पुग्छ । यसमा नेपालका थुप्रै धार्मिक तथा सांस्कृतिक बिदाहरू थपिँदा वर्षभरि काम हुने दिनभन्दा बिदाका दिनहरू धेरै हुने देखिएको छ । राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल (नेसनल प्याबसन) का उपाध्यक्ष विष्णु पराजुलीका अनुसार सरकारको यो निर्णयले नेपाल सरकारले निर्दिष्ट गरेको



विस्तृत पाठ्यक्रम निर्धारित समयमा पूरा नहुने र विद्यार्थीको सिकाइ उपलब्धिमा ठुलो ह्रास आउने निश्चित छ । यस निर्णयको अर्को गम्भीर पक्ष सामाजिक र आर्थिक प्रभावसँग जोडिएको छ । दैनिक ज्यालादारीमा काम गर्ने मजदुर र कामकाजी अभिभावकका लागि दुई दिने बिदा ठुलो बोझ बनेको छ । हप्तामा दुई दिन विद्यालय बिदा हुँदा बालबालिकामा मोबाइलको लत बढ्ने, अभिभावकको निगरानी अभावमा कुलतमा लाग्न सक्ने र सुरक्षाको जोखिम समेत बढ्ने देखिएको छ । साथै, साना बालबालिकाको हेरचाहका लागि अभिभावकमध्ये एकजना अनिवार्य रूपमा घरमा बस्नुपर्दा उनीहरूको दैनिक कमाइमा प्रत्यक्ष असर परिरहेको छ । सरकारले शैक्षिक सत्र सुरु हुने दिन वैशाख १ बाट १५ दिन पर सार्ने जुन निर्णय गरेको छ, त्यसले शैक्षिक क्यालेण्डरमा थप दबाब सिर्जना गरेको छ । पठनपाठन गर्ने दिन घटिरहेको अवस्थामा शैक्षिक सत्र नै १५ दिन धकेल्दा सिर्जना हुने खाली समयले विद्यार्थीको ध्यान भड्काउने र खर्च समेत बढाउने तर्क पराजुलीको छ । *-रासस*

## दलगत विद्यार्थी संगठन खारेजीले विश्वविद्यालय सुध्रिन्छ ?



सरकारले स्वकीकृत गरेको शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीको बुँदा नम्बर ८६ मा दलीय विद्यार्थी संगठनका संरचनाहरू हटाई ९० दिनभित्र स्टुडेन्ट काउन्सिल वा भ्वाइस अफ स्टुडेन्ट बनाउने भनिएको छ । शिक्षा क्षेत्रमा देखिएको दलीय हस्तक्षेप, विद्यार्थीको वास्तविक आवाज प्रतिनिधित्व हुन नसकेको अवस्था तथा शैक्षिक गुणस्तरमा आएको गिरावटको समस्या समाधान गर्न यस्तो गर्न लागिएको उल्लेख छ । योसँगै विश्वविद्यालय सुधारको बहस विद्यार्थी संगठन रहने कि हटाउने भन्नेतर्फ केन्द्रित देखिन्छ । विश्वविद्यालय सुधारको वास्तविक प्रश्न विद्यार्थी संगठनको अस्तित्व होइन विश्वविद्यालयको संरचना, प्रशासनिक स्वायत्तता, प्रतिनिधित्व प्रणाली र संवैधानिक अधिकारसँग सम्बन्धित विषय हो । सबैभन्दा पहिले स्पष्ट रूपमा भन्नुपर्ने कुरा के हो भने विश्वविद्यालयमा दलीय हस्तक्षेप बन्द गर्नुपर्छ भन्ने विषयमा विमति छैन र यो सहमति न्यायोचित पनि छ । विश्वविद्यालय राजनीतिक भर्ती केन्द्र बन्नुहुँदैन । तर दलआवद्ध विद्यार्थी संघ-संगठनले गर्दा मात्र विश्वविद्यालय बिग्रियो भन्ने निष्कर्ष अर्धसत्य मात्र हो । विश्वविद्यालय सुधारको बहसलाई विद्यार्थी संगठन हटाउने विषयमा सीमित गर्नु वास्तविक संरचनात्मक प्रश्नलाई विषयान्तर गर्नु जस्तै हुन सक्छ । पछिल्लो समय नेपाल विद्यार्थी संघ लगायत संघ-संगठनले आफ्नो संरचना, भूमिका र दलीय सम्बन्धबारे आत्मसमीक्षा गर्दै कार्यगत स्वायत्तता, उत्तरदायित्व र संस्थागत सुधारको प्रस्ताव अघि सारिसकेको छ । विद्यार्थी संगठन दलको अधीनस्थ संरचना होइन आफ्नै नीति, स्वायत्तता र विद्यार्थी हितको आधारमा सञ्चालन हुने साझेदारी संस्थाका रूपमा रूपान्तरण हुनुपर्छ भन्ने धारणा पनि स्थापित भइसकेको छ । यसको अर्थ विद्यार्थी संगठनहरू स्वयं पनि सुधारको पक्षमा छन् ।

**विश्वविद्यालयको स्थायी संरचना विद्यार्थी कि प्रशासन ?**

विश्वविद्यालय सुधारको बहसमा एउटा महत्त्वपूर्ण संरचनात्मक प्रश्न के हो भने विश्वविद्यालयको स्थायी संरचना को हो ? विद्यार्थीहरू विश्वविद्यालयको स्थायी संरचना होइनन् । एक विद्यार्थी औसतमा बढीमा चारदेखि ६ वर्षसम्म विश्वविद्यालयमा बस्छ । सेमेस्टर प्रणाली लागू भएपश्चात् एकै संकायमा दोहोऱ्याएर भर्ना गर्न सकिने व्यवस्था पनि छैन, पहिले जस्तो विद्यार्थी राजनीति गर्न वा स्ववियुको निर्वाचन लड्न विद्यार्थीहरू क्याम्पसमै रूँगेर बस्ने गलत अभ्यास बन्द भइसकेको छ तर विश्वविद्यालयका कर्मचारी, प्राध्यापक र प्रशासनिक संरचना पच्चीस-तीस वर्षसम्म त्यही संस्थामा रहन्छन् । विश्वविद्यालयको प्रशासनिक संस्कृति, नीति, निर्णय प्रक्रिया, पदाधिकारी नियुक्ति प्रणाली, शैक्षिक क्यालेन्डर र संस्थागत चरित्र निर्माण गर्ने स्थायी तत्व विद्यार्थी होइनन् विश्वविद्यालयका कर्मचारी, प्राध्यापक र प्रशासनिक संरचना हुन् । त्यसैले स्वाभाविक प्रश्न उठ्छ विश्वविद्यालयमा समस्या छ भने त्यसको मूल कारण अस्थायी संरचना (विद्यार्थी) हो कि स्थायी संरचना (प्रशासन, प्राध्यापक, कर्मचारी) ? कारण र समस्याको वास्तविक सम्बन्ध स्थापित नगरी गरिएको कुनै पनि नीतिगत हस्तक्षेपको तर्कसंगत आधार नै कमजोर हुन जान्छ । नेपालका विश्वविद्यालय र क्याम्पसहरूमा केवल दलीय विद्यार्थी संगठन मात्र छैनन्। विश्वविद्यालयभित्र शिक्षक संघ, कर्मचारी संघ, प्राध्यापक संघ, विभिन्न पेशागत संगठन, सांस्कृतिक तथा साहित्यिक संगठन, सामुदायिक, अध्ययन समूह र वैचारिक समूह जस्ता विभिन्न संघसंस्था क्रियाशील छन् । यीमध्ये धेरै संघसंस्था प्रत्यक्ष रूपमा राजनीतिक दलसँग आबद्ध नभए पनि निश्चित विचार, दर्शन वा सिद्धान्तमा आधारित हुन्छन् । लोकतान्त्रिक समाजमा विचार, संगठन र बहसलाई पूर्ण रूपमा अलग गर्न सम्भव पनि छैन र आवश्यक पनि छैन । त्यसैले केवल दलीय विद्यार्थी संगठनको संरचना हटाएपछि विश्वविद्यालय स्वत: सुधार हुन्छ भन्ने निष्कर्ष न नीतिगत रूपमा न प्रशासनिक रूपमा, न संरचनात्मक रूपमा कुनै पनि दृष्टिले तर्कसंगत देखिँदैन ।

**स्ववियु निर्वाचन प्रणालीको यथार्थ**

विश्वविद्यालयमा हुने स्ववियु निर्वाचन प्रणाली पूर्ण रूपमा दलीय अधीनमा रहेको प्रणाली होइन । यो तथ्य नीतिनिर्माताले स्वीकार गर्नुपर्छ । स्ववियुमा निर्वाचन लड्न २८ वर्ष उमेर हद तोकिएको छ । स्ववियुमा दलीय संघ-संगठन मात्र होइन, स्वतन्त्र समूहले समेत चुनावमा प्रतिस्पर्धा गर्न पाउँछन् । विद्यार्थीले दलगत आवद्ध विद्यार्थी संगठनको झण्डा वा चिह्नमा मतदान गर्दैनन्। प्रत्यक्षतर्फ उम्मेदवारको नाममा र समानुपातिकतर्फ संघसंगठन वा स्वतन्त्र समूहलाई मतदान गर्छन् । हाल अभ्यासमा रहेको स्ववियु निर्वाचन प्रणाली यसर्थ मिश्रित प्रतिनिधित्व प्रणाली हो, पूर्ण रूपमा पार्टी नियन्त्रणको प्रणाली होइन । विश्वविद्यालय ऐन र नियमावली अनुसार निर्वाचित स्ववियुको कार्यकाल समाप्त भएको छैन भने, कार्यकाल समाप्त हुनुअगावै नयाँ स्टुडेन्ट काउन्सिल लागू गर्ने विषय तीनवटा स्थापित कानूनी सिद्धान्तसँग जोडिन्छ । कानून शासनको सिद्धान्तले कानूनी संरचना र प्रक्रियाको पालना अनिवार्य भन्छ। लोकतान्त्रिक म्यान्डेटले निर्वाचित जनप्रतिनिधि वा विद्यार्थी प्रतिनिधिको कार्यकालमा मध्यवर्ती हस्तक्षेप गर्नुले लोकतान्त्रिक वैधताको प्रश्न उठाउँछ । लेजिटीमेट एक्सपेक्सटेसनको सिद्धान्त अनुसार जुन सिद्धान्त नेपालको सर्वोच्च अदालतले पनि विभिन्न मुद्दामा स्वीकार गरिसकेको छ कानूनी प्रक्रियाद्वारा निर्वाचित निकायको सदस्यहरूलाई आफ्नो कार्यकाल पूरा गर्ने अपेक्षाको संरक्षण हुनुपर्छ । यी तीनवटा सिद्धान्तको उल्लंघन हुने गरी कुनै पनि कार्यकारी निर्देशन वा नीति बनाउनु भनेको अधिकार क्षेत्र भन्दा बाहिर जानु हो । जसलाई अधिकार क्षेत्र विहीनताको सिद्धान्त पनि भनिन्छ ।

**विद्यार्थी संगठन प्रतिबन्धको प्रश्न**

नेपालको संविधान, २०७२ को धारा १७ ले नागरिकलाई विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्ण भेला हुने स्वतन्त्रता र संघ तथा संस्था खोल्ने स्वतन्त्रता प्रत्याभूत गर्दछ । धारा १८ ले कानूनको समान संरक्षण र भेदभावरहित व्यवहारको हक सुनिश्चित गर्दछ । संविधानको धारा ४६ ले संवैधानिक उपचारको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ, जसअनुसार मौलिक हकको उल्लंघन भएमा सर्वोच्च अदालतमा रिट निवेदन गर्ने अधिकार प्रत्येक नागरिकलाई छ । विश्वविद्यालय सार्वजनिक संस्था भएकाले मौलिक हक त्यहाँ पूर्ण रूपमा लागू हुन्छन् । त्यसैले विश्वविद्यालय परिसरभित्र संघसंस्था खोल्न, संगठन गर्न र विचार व्यक्त गर्न नपाउने व्यवस्था गरियो भने त्यो सिधै संवैधानिक बहसको विषय बन्न सक्छ । नेपाल मानवअधिकारको विश्वव्यापी घोषणापत्र (युडीएचआर) र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (आईसीसीपीआर) पक्ष राष्ट्र हो । युडीएचआरको धारा १९ र आईसीसीपीआर को धारा १९ ले अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गर्दछन् । युडीएचआरको धारा २० र आईसीसीपीआर को धारा २२ ले संघसंस्था गठन गर्ने स्वतन्त्रता प्रत्याभूत गर्दछन् । आईसीसीपीआर को धारा २१ ले शान्तिपूर्ण भेला हुने अधिकार संरक्षण गर्दछ ।

**स्टुडेन्ट काउन्सिलको वैधता**

नेपालमा अभ्यासमा रहेको स्टुडेन्ट काउन्सिल प्राय: शैक्षिक संस्थाहरूको प्रशासनको प्रभावमा सञ्चालन हुने गरेको पाइन्छ । धेरै विद्यालय तथा कलेजहरूमा यसको गठन प्रक्रिया पूर्ण रूपमा स्वतन्त्र र लोकतान्त्रिक हुँदैन, किनकि सदस्यहरू प्राय: प्रशासनद्वारा मनोनयन गरिन्छन् वा सीमित सहभागिता सहित चयन गरिन्छन् । यसले विद्यार्थीलाई स्वतन्त्र रूपमा संगठन निर्माण गर्ने, आफ्ना विचार खुला रूपमा व्यक्त गर्ने वा आफ्नो हकहितका लागि आन्दोलन गर्ने अवसर कम बनाउँछ । यस्ता काउन्सिलहरू कार्यक्रम सञ्चालन, औपचारिक गतिविधि व्यवस्थापन तथा प्रशासनलाई सल्लाह दिने भूमिकामा सीमित रहने हुँदा विद्यार्थीको वास्तविक प्रतिनिधित्व र सशक्त सहभागिता सुनिश्चित हुन सक्दैन, जसले यसको मूल उद्देश्य कमजोर बनाउँछ । यदि यस्तो संरचना बनाइयो भने, त्यो वास्तविक विद्यार्थी प्रतिनिधित्व नभई प्रशासनिक समिति मात्र हुनेछ । कानूनी दृष्टिबाट हेर्दा, यसलाई विद्यार्थी प्रतिनिधित्व भनेर प्रस्तुत गर्नु लोकतान्त्रिक मूल्यमान्यता विपरीतको प्रतिनिधित्व मानिन्छ । प्रतिनिधित्व भन्नाले निर्वाचन, स्वायत्तता र जवाफदेहिता जस्ता आधारभूत तत्वहरू अनिवार्य हुन्छन् । मानिस विचारविहीन हुन सक्दैन, र विद्यार्थी प्रतिनिधि भनेको विचार, नीति, दृष्टिकोण र कार्यक्रम बोकेको व्यक्ति नै हो । त्यसैले गैरराजनीतिक विद्यार्थी प्रतिनिधित्व पूर्ण रूपमा सम्भव छैनह मूल प्रश्न राजनीति हटाउने होइन र जवाफदेहिता बढाउने हो । विश्वविद्यालय सुधारको प्रश्न विद्यार्थी संगठन रहने कि हटाउने भन्ने होइन । मूल प्रश्न तीनवटा छन् विद्यार्थीको वास्तविक र संवैधानिक रूपमा प्रतिनिधित्व कसरी स्थापित गर्ने, विश्वविद्यालयलाई राजनीतिक हस्तक्षेपबाट लिगल्ली इन्सुलेटेड कसरी गर्ने, र विश्वविद्यालय प्रशासनलाई कसरी स्वायत्त, पारदर्शी र उत्तरदायी बनाउने । विश्वविद्यालयमा राजनीतिक भर्ती केन्द्र पनि हुनुहुँदैन तर विश्वविद्यालयमा विद्यार्थी प्रतिनिधित्व शून्य पनि बनाइनुहुँदैन । संविधानले प्रत्याभूत गरेको संगठन स्वतन्त्रतालाई 'एडमिनिस्ट्रेटिभ अर्डर' ले खारेज गर्न सकिँदैन । समाधान प्रतिबन्ध होइन संस्थागत सुधार, वैधानिक स्वायत्तता, उत्तरदायित्व र कानूनी शासनमा आधारित लोकतान्त्रिक प्रतिनिधित्व प्रणालीको सुधार हो । विश्वविद्यालय सुधारको वास्तविक प्रश्न एउटा मात्र हो हामी विश्वविद्यालय सुधार गर्न चाहन्छौँ कि विश्वविद्यालयको एउटा संरचना मात्र हटाउन चाहन्छौँ ? यही प्रश्नको उत्तरले विश्वविद्यालय सुधारको वास्तविक दिशा तय गर्नेछ र त्यो उत्तर संविधान, कानून र लोकतान्त्रिक मूल्यको कसीमा जाँचिनु आवश्यक छ ।

*-अनलाइन खबर डटकम*

# 'धर्म, संस्कृतिको जगेर्नामा लोक-भजन संरक्षण प्रतिष्ठान'



**पाल्पा,** चैत २९/ राष्ट्रिय लोक भजन चुड्का संरक्षण प्रतिष्ठान नेपालका केन्द्रीय अध्यक्ष नारायण खनाल लेकालीले धर्म, संस्कृतिको जगेर्नामा राष्ट्रिय लोक भजन चुड्का संरक्षण प्रतिष्ठान नेपालको भूमिका महत्वपूर्ण रहेको बताएका छन् ।

प्रतिष्ठान पाल्पाका शाखाको सातौं वार्षिक साधारण सभा तथा तेस्रो अधिवेशनलाई तानसेनमा सम्बोधन गर्दै उनले पछिल्लो समय हराउँदै जान थालेको धर्म, संस्कृतिलाई बचाई राख्न प्रतिष्ठानले महत्वपूर्ण भूमिका खेल्दै आएको बताएका हुन् ।अध्यक्ष लेकालीले लोक, भजन र चुड्काहरुको संरक्षण गर्दै प्रतिष्ठानले संस्कृतिक संरक्षणलाई महत्व दिदैं आएको उल्लेख गरे । कार्यक्रममा प्रतिष्ठान नेपालका संस्थापक अध्यक्ष प्रजापति पराजुली, केन्द्रिय उपमहासचिव नारायण प्रसाद भुसाल, बाग्मती प्रदेश इन्चार्ज नविन पौडेल, गण्डकी प्रदेश अध्यक्ष वसन्त वास्तोला, लुम्बिनी प्रदेश अध्यक्ष काशीराम पोखरेल, केन्द्रीय सदस्य जय प्रकाश उप्रेती, तानसेन वडा नं.७ का वडाध्यक्ष तथा प्रतिष्ठानका आजिवन सदस्य प्रदीप खनाल लगायतले वडातहसम्म्म संस्कृति संरक्षणका कार्यक्रम लैजानु पर्नेमा जोड दिए । संस्थाका अध्यक्ष भरत खड्कीले आृनो कार्यकालमा संस्थामा भए गरेका प्रगति विवरण प्रस्तुत गरेका थिए । संस्थाकी कोषाध्यक्ष मञ्जु पाण्डेले ८० हजार बराबरको आयव्यय विवरण प्रस्तुत गरेकी थिइन् । प्रतिष्ठानले सोही दिन साँझा तानसेन २ स्थित अमर नारायण मन्दिर परिसरमा भजनकृतन सहित श्रृङगारिक पशुपति आरती गरेको थियो । बाजा गाजा र भजनकृतनसहित बजार परिक्रमाबाट कार्यक्रम शुभारम्भ गरिएको थियो । शाखाका अध्यक्ष भरत खड्किको अध्यक्षता, उपाध्यक्ष सुरेश न्यौपानेको स्वागत र सचिव चुरामणी तिमिल्सनाको सञ्चालनमा कार्यक्रम e8f]lyd]. *-जयराम सापकोटा*

## पाल्पामा 'एआई'को...

...यो प्रविधीबाट परीक्षण गर्दा लुकेर बसेका नयाँ क्षयरोगीका विरामी पत्ता लगाएर उपचारमा ल्याउने, अरुलाई सर्न नदिने प्राविधिक साझेदार विएनएमटी नेपाल पाल्पा परियोजना संयोजक सुदिप पौडेलले बताए । एआई प्रविधिले स्वास्थ्यकर्मीको कार्यक्षमतामा सहयोग पुऱ्याउँछ, एक्सरे गर्ने वित्तिकै फोक्सोमा भएका दाग वा संक्रमणलाई मानव आँखाले भन्दा सूक्ष्म रूपमा विश्लेषण गर्छ सुरुवाती अवस्थामै रोग पत्ता सहयोग पुऱ्याउछ जसले गर्दा बिरामीको ज्यान जोगिने र अरूलाई सर्ने जोखिम निकै कम हुन्छ । समुदायमा लुकेर बसेको क्षरोगका विरामीहरु खोजपडताल, सानो भन्दा सानो लुकेर बसेको व्याक्टेरिया पत्ता लगाउन सजिलो हुन्छ छाति खराब छ भने लक्षण मिल्दो छ भने तत्काल खकार जाँच गराई क्षयरोगका विरामीको यकिन गरिएको छ । अरु एक्सरे मेसिन भन्दा एआई प्रविधिले विरामी पत्ता लगाउन सजिलो भएको शिविरमा संलग्न एआई प्रविधिबाट क्षयरोग चेकजाँच गर्दै आएका शिविरमा सहभागी यसोधरा आधारभुत अस्पताल कपिलबस्तुका मेडिकल अधिकृत अमुल्य कुमार पाठकले बताए । पालिकाले विभिन्न संघ संस्थाको सहकार्यमा गाउँ-गाउँ घरदैलोबाट क्षयरोगका विरामीहरु खोजेर उनीहरुलाई समय उपचार गरी पालिकालाई क्षयरोगमुक्त बनाउन शिविर सञ्चालन गरिएको वडा नं. ५ का वडा अध्यक्ष विष्णु कुमार पल्लीले बताए । उमेर बढ्दै गएपछि रोग प्रतिरोधात्मक क्षमता कमजोर हुँदै जाने क्षयरोगका किटाणुले आक्रमण गर्ने र ज्यान पनि जान सक्ने भएकोले शिविरको आयोजना गरिएको वडा अध्यक्ष पल्लीले बताए । क्षयरोग अन्त्य गर्ने विश्वव्यापी लक्ष्य लाई सार्थक बनाउन पूर्वखोलामा सञ्चालित यो अभियानले जनचेतना जगाउनुका साथै स्वास्थ्य पहुँचमा नयाँ आयाम थपेको छ । दुई दिनसम्म चलेको यस शिविरबाट बिरकोट र सिलुवा क्षेत्रका सयौँ नागरिक लाभान्वित भएका छन् भने फेला परेका शंकास्पद बिरामीहरूलाई गाउँपालिकाले नियमित औषधि र परामर्शको व्यवस्था गर्ने जनाएको छ ।

## एक वर्षमा सात हजार...

...डढेलोमा परेर दुई जनाको निधन भएको छ भने तीन जना घाइते भएका छन् भने ५८ परिवार प्रभावित भएका छन् ।

प्राधिकरणले आगलागीबाट जोगिन विशेष सावधानी अपनाउने, ज्वलनशील पदार्थ आगोले छुने ठाउँभन्दा पर राख्न, विशेष सचेतना अभियान सञ्चालन गर्न, आगलागी हुन नदिन अन्य उपाय सञ्चालन गर्नसमेत सबैमा अनुरोध गर्दै आएको छ ।प्राधिकरणका अनुसार यही चैत २७ गते बिहानदेखि २८ गते बिहानसम्म देशभर कुल १९ विपद्का घटना हुँदा आगलागीका मात्रै १६ वटा रहेका छन् । सुक्खा मौसममा आगलागीका घटना बढी हुने भएकाले पनि सक्रियताका साथ सावधानी अपनाउन प्राधिकरणले पुन: अनुरोध गरेको छ । वन तथा वातावरण मन्त्रालयले पनि डढेलो तथा आगलागीका घटना नियन्त्रणका लागि आृना निकायलाई परिचालन गरेको छ ।*-रासस*

खेलकुद समाचार

## आइपीएल क्रिकेटमा चेन्नईको पहिलो जित



**काठमाडौं,** चैत २९/चेन्नई सुपर किंग्सले दिल्ली क्यापिटल्सलाई २३ रनले हराउँदै इन्डियन प्रिमियर लिग (आइपिएल) क्रिकेटमा पहिलो जित दर्ता गरेको छ । चेन्नईमा शनिबार पहिले ब्याटिङ गरेको चेन्नईले २ विकेट गुमाएर २१२ रन बनाएको थियो । जवाफी ब्याटिङ गरेको दिल्ली १८९ रनमा अलआउट भएपछि चेन्नई २३ रनले विजयी भयो । चेन्नईका लागि ओपनर सन्जु स्यामसनले शानदार शतक बनाए । उनले ५६ बलमा १५ चौका र ४ छक्कासहित अविजित ११५ रन जोडे । त्यस्तै आयुष म्हात्रेले ५९ रन जोडे । दिल्लीका कप्तान अक्षर पटेलले १ विकेट लिए । २१३ रनको लक्ष्य पछ्याएको दिल्लीका लागि ट्रिस्टन स्टब्सले ३८ बलमा ४ चौका र ३ छक्कासहित ६० रन बनाए । चेन्नईका जेमी ओभरटनले उत्कृष्ट बलिङ गर्दै १८ रन खर्चिएर ४ विकेट लिए । त्यस्तै अंशुल काम्बोजले ३ विकेट लिए । शनिबार भएको पहिलो खेलमा पञ्जाब किंग्सले सनराइजर्स हैदराबादलाई ६ विकेटले हरायो । चण्डीगढमा हैदराबादले दिएको २२० रनको लक्ष्य पञ्जाबले १८ ओभर ५ बलमा ४ विकेट गुमाएर २२३ रन बनाउँदै पूरा गऱ्यो । पञ्जाबका कप्तान श्रेयस अयरले ३३ बलमा समान ५ छक्का र चौकासहित अविजित ६९ रन बनाउँदै टोलीलाई जित दिलाए । यसअघि ओपनर प्रभसिमरन सिंह र प्रियांश आर्यले अर्धशतक बनाए । पहिले ब्याटिङ गरेको हैदराबादले ६ विकेट गुमाएर २१९ रन बनाएको थियो । हैदराबादका लागि अभिषेक शर्माले २८ बलमा ८ छक्का र ५ चौकासहित ७४ रनको आक्रामक पारी खेले । पञ्जाबका लागि शशांक सिंहले बलिङमा महत्त्वपूर्ण भूमिका खेल्दै ३ ओभरमा २० रन दिएर २ विकेट लिए ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## पाल्पा सिमेन्टको आईपीओ नेप्सेमा सूचीकृत




**पाल्पा,** चैत २९/ पाल्पा सिमेन्ट इन्डस्ट्रिज लिमिटेडको आईपीओ नेप्सेमा सूचीकृत भएको छ । कम्पनीले सर्वसाधारणलाई जारी गरेको ७५ लाख कित्ता सेयर र कम्पनीको संस्थापकले लगानी गरेको ३ करोड कित्ता सेयर गरी कुल ३ करोड ७५ लाख कित्ता सेयर चैत २६ गते नेप्सेमा सूचीकृत भएको हो ।

कुल कित्ता शेयरमध्ये संस्थापकतर्फ ३ करोड कित्ता र सर्वसाधारणतर्फ ७५ लाख कित्ता रहेको छ । चैत २७ गतेदेखि कम्पनीको सर्वसाधारण तर्फको वैदेशिक रोजगारीमा रहेका नेपाली र सर्वसाधारणमा जारी भएको शेयर मात्र कारोबार गर्न मिल्नेछ । नेप्सेले कम्पनीको पहिलो शेयर कारोबारका लागि प्रतिकित्ता न्यूनतम १०० रुपैयाँदेखि अधिकतम ३०० रुपैयाँसम्मको मूल्य रेञ्ज तोकेको छ । नेप्सेले तोकेको मूल्यको आधारमा कम्पनीको शेयर कारोबार खुला हुनेछ । यस कम्पनीले आृनो जारी पूँजी ३ अर्ब ७५ करोड रुपैयाँको २० प्रतिशतले हुन आउने ७५ लाख कित्ता आईपीओ सर्वसाधारणका लागि निष्कासन गर्न नेपाल धितोपत्र बोर्डबाट अनुमति पाएको हो । कुल कित्ता आईपीओमध्ये १८ लाख ७५ हजार कित्ता उद्योग प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरूका लागि र ५ लाख ६२ हजार ५०० कित्ता विदेशमा रोजगार गरी रहेका नेपालीहरूका लागि २ लाख ८१ हजार २५० कित्ता सामूहिक लगानी कोषहरूका लागि, २ लाख ८१ हजार २५० कित्ता कम्पनीका कर्मचारीहरूका लागि र ४५ लाख कित्ता भने सर्वसाधारणमा बाँडफाँट गरिएको हो । कम्पनीले सर्वसाधारणमा २०८२ फागुन २९ गते आईपीओ बाँडफाँट गरेको हो । उक्त मितिदेखि सामूहिक लगानीकोषको स्वामित्वमा रहेको शेयर ६ महीनाका लागि र उद्योग प्रभावित स्थानीय, कर्मचारी र संस्थापक तर्फको शेयर भने तीन वर्षका लागि 'लक-इन'मा रहनेछ । क्लिंकर तथा विभिन्न प्रकारका सिमेन्ट उत्पादन गर्ने उद्देश्यसहित स्थापित यस कम्पनीको उद्योग नवलपरासीमा छ भने चुनढुङ्गा खानी लुम्बिनी प्रदेशको पाल्पा जिल्लामा छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई